उत्तरगया गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः १२ मितिः २०७९/०३/३०

## भाग-२

## बालविवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि,२०७९

**प्रस्तावनाः**

देशमा रहेको वाल विवाह जस्ता कुप्रथाहरुको अन्त्य गर्ने कार्यक्रमहरु संचालन गर्ने खर्च सम्वन्धी नमूना कार्यविधि, २०७९ यस उत्तरगया गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लहरेपौवा, रसुवा द्धारा जारी ।

## परिच्छेद १

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "बाल विवाह विरुद्ध कार्यक्रम संचालन खर्च कार्यविधि २०७९" रहेको छ ।

ख) यो कार्यविधि यस उत्तरगया गाउँपालिकाको कार्यपालिकावाट स्विकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गंले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "प्रदेश र स्थानीय तहको वाल अधिकार समिति"भन्नाले वालवालिका सम्वन्धी ऐन,२०७५ को दफा ६० वमोजिम गठन हुने समिति सम्झनुपर्दछ ।

ख) "मन्त्रालय"भन्नाले महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्दछ ।

ग) "विभाग" भन्नाले महिला तथा वालवालिका विभाग सम्झनुपर्दछ ।

घ) "वाल विबाह" भन्नाले २० वर्ष उमेर नपुगी भएको विवाह सम्झनुपर्दछ ।

ङ) “स्थानीय तह” भन्नाले “ उत्तरगया गाउँपालिका” सम्झनुपर्दछ ।

## परिच्छेद २

### ३. कार्यविधिको उद्देश्यः

१. आवधिक वार्षिक योजना तथा कार्यक्रमहरुमा बाल विवाह विरुद्धका कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

२.बाल विवाह विरुद्धमा बालक, किशोर तथा पुरुषहरूको सहभागिता सुनिश्चत गर्ने ।

३.बाल विवाहलाई प्रोत्साहन गर्ने प्रचलित सामाजिक, साँस्कृतिक र परम्परागत मान्यतामा आधारित सोच तथा व्यवहार परिर्वतनका लागि बालबालिका, किशोर-किशोरी, अभिभावक, शिक्षक, धार्मिक, राजनैतिक तथा सामुदायिक अगुवा, संघ संगठन लगायत अन्य सम्बद्ध सरोकारवालाहरूको क्षमता विकास गरी परिचालन गर्ने ।

४. बाल विवाह अन्त्यका लागि संचालित कार्यक्रमहरुको प्रभावकारी रुपमा अनुगमन तथा मूल्यांकन गर्ने ।

४. **कार्यक्रम संचालनः**

१. बाल अधिकार,लैङ्गिकता,यौनिकता,यौन तथा प्रजनन स्वास्थ्य तथा अधिकारका साथै बाल विवाहका विषयमा बालक, किशोर तथा पुरुषहरूको सचेतना अभिबृद्धि गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

२. बाल विवाह विरुद्ध सामाजिक अभियान सञ्चालन गर्न बाल क्लब र समुदायका वालवालिकाहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिमको व्यवस्था गर्ने ।

३. वालमैत्री पूर्वाधार तयार गरी सुरक्षित वातावरण समेतको उचित व्यवस्थापन गर्नका लागि शिक्षक,कर्मचारी तथा व्यवस्थापन समितिका पदाधिकारीहरूलाई आवश्यक तालिम प्रदान गर्ने ।

४. बाल विवाह विरुद्ध सामुदायिक स्तरमा बाल क्लब, युवा क्लब वा अन्य समुह निर्माण गर्ने वा भएका समुहमा बालिकाहरुको सहभागितालाई प्रोत्साहन गर्ने कार्यक्रमहरु संचालन गर्ने ।

५. सरकारी,गैर सरकारी र निजी संघ संस्थाहरुसँग समन्वय गरी वाल विवाह विरुद्ध पारिवारीक सचेतना कार्यक्रम संचालन गर्ने ।

६. वाल विवाह,लैंगिक विभेद र पितृसतात्मक सोच अन्त्य गर्ने कार्यमा वालक , किशोर तथा पुरुषहरुको सहभागिता गराउने सचेतना कार्यक्रमहरु संचालन गर्ने ।

## परिच्छेद ३

### ५. खर्च र लेखापरीक्षणः

बाल विवाह तथा बालबालिका माथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्च यस उत्तरगया गा.पा.को प्रचलित कानून बमोजिम हुनेछ । बाल विवाह तथा बालबालिका माथि हुने हिंसाको व्यवस्थापनको लागि विभिन्न स्रोतवाट प्राप्त भएको रकम खर्चको प्रचलित कानुन वमोजिम आयव्यव विवरणको लेखा राख्नुपर्नेछ । कार्यक्रम खर्चको आन्तरिक लेखापरीक्षण र अन्तिम लेखा परीक्षण गर्नुपर्नेछ । सोको प्रतिवेदन एक प्रति मन्त्रालयमा पठाउनु पर्नेछ ।

### ६. प्रतिवेदन पेश गर्नुपर्नेः

बालविवाह तथा बालबालिकामाथि हुने हिंसा व्यवस्थापन सम्वन्धि गरेका कार्यक्रमहरुको प्रगति प्रतिवेदन मासिक, त्रैमासिक, अर्धवार्षिक र वार्षिक रुपमा तयार गरी स्थानीय तहले सम्वन्धित प्रदेशको सामाजिक विकास मन्त्रालयमा र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयले अर्धवार्षिक र वार्षिक रुपमा

महिला, वालवालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमा पठाउनुपर्ने ।

## परिच्छेदः ४

### ७. विविधः

बाल विवाह तथा बालबालिका माथि हुने हिंसा सम्वन्धी सचेतना मुलक कार्यक्रम संचालन गर्दा बालविबाह अन्त्यका लागि राष्ट्रिय रणनीतिलाई समेत आधार मान्नुपर्नेछ । नेपालको सन्दर्भमा स्थानीय शासनलाई एउटा नयाँ सोच एवं अवधारणा मानिन्छ । किनकि बाल अधिकार प्रवद्र्धनका लागि विगतमा संवैधानिक,कानूनी एवं संस्थागत व्यवस्थाको थालनी भएको भएता पनि यस अवधारणाले कार्यान्वयनमा मुर्त रुप प्राप्त गर्न बाँकी नै छ ।महिला,बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, युनिसेफ, केन्द्रीय बालकल्याण समिति र केही अन्तर्राष्ट्रिय गैससहरुले यस अवधारणालाई प्रवद्र्धन गर्ने प्रयास गरे पश्यात् बालमैत्री स्थानीय शासनको अवधारणा कार्यान्वयमा आएको छ ।बाल अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि,१९९०,यसका लागि नेपालको संविधान,२०७२ ले आधारभूत मानव अधिकार र मौलिक हक अन्र्तगत बालबालिकाको हक प्रत्याभूति गर्नुका साथै धारा १८ मा समानताको हक अन्तर्गत कसैलाई पनि कानुनको

समान संरक्षणवाट वञ्चित नगरिने तर बालबालिकाको संरक्षण सशक्तिकरण र विकासको लागि कानुन द्धारा विशेष व्यवस्था गर्न्ने कुरा उल्लेख गरेको छ ।त्यस्तै स्थानीय सरकार संचालन ऐन, २०७४ ले स्थानीय योजना तर्जुमा गर्दा बालबालिकाको प्रत्यक्ष रुपमा लाभ पुग्ने गरी योजनाहरु छान्न प्राथमिकता दिनु पर्ने उल्लेख गरेको छ । पन्ध्रौ पञ्चबर्षिय योजनामा बालमैत्री कार्यक्रम लागु गरिने बालमैत्री अभियानको स्पष्ट खाका र सुचकहरु बनाई योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता बढाउने तथा स्थानीय सामुदायिक विकास कार्यक्रम,युनिसेफ र नेपाल सरकारको राष्ट्रिय कार्य योजना लगायतका दस्तावेजहरुले समेत यस अवधारणालाई प्रवद्र्धन गर्ने प्रयास गरेका छन । अतः यिनै विषयहरुलाई संस्थागत गर्न यो कार्यक्रमले मद्दत गर्ने भएकोले बालमैत्री स्थानीय तह प्रोत्साहन कार्यक्रम संचालन गर्नका लागि यो प्रस्ताव पत्र तयार गरीएको हो ।

**आज्ञाले**

**दिपक प्रसाद अधिकारी**

**प्रमुख प्रशासकीय अधिकृत**